नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

मितिः २०८१/१२/२०

**अनुशासन सम्बन्धी उजुरी उपर सदस्यहरुलाई सचेत गराइएको बारे सूचना ।**

एक लघुवित्त संस्थाले सदस्य सुरक्षण शुल्क, पशुधन सुरक्षण शुल्क, दैवि प्रकोप उद्धार राहत कोष लगायतका शिर्षकमा सदस्य, कर्मचारी आदिबाट रकम संकलन गर्ने र सुरक्षण वापत दावि पर्न आएका रकम भुक्तानी गरी बाँकी हुन आउने रकमबाट शिक्षा, स्वास्थ्य र बजार व्यवस्था जस्ता कार्यक्रमहरु एक गैर सरकारी संस्था मार्फत संचालन गर्ने निर्णय गरी उक्त गैर सरकारी संस्थाको नाममा उक्त रकम रकमान्तर गर्दै आइरहेकोमा लघुवित्त संस्थाको बार्षिक वित्तीय विवरणहरुमा सो सम्बन्धमा केही नखुलाइएको र नियमनकारी निकाय लगायत सरोकारवालालाई समेत सोको जानकारी नगरेको भन्ने व्यहोरा सहित उक्त संस्थाका विभिन्न आर्थिक वर्षसँग सम्बन्धित ३ जना लेखापरीक्षकहरु विरुद्ध नेपाल राष्ट्र बैंकबाट नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३५(१) तथा नियमावली २०६१ को नियम ८० बमोजिम संस्थामा उजुरी दर्ता भएकोमा उजुरीको सम्बन्धमा छानविन गर्दा वित्तिय विवरणमा कोषहरु सम्बन्धी संक्षिप्त विवरणको खुलासा गरिएको भएपनि एक गैर सरकारी संस्था मार्फत कोष परिचालन गर्ने भन्ने व्यवस्था तथा ती कोषहरुको शूरु तथा अन्तिम मौज्दातबीचको हिसाब भिडान तथा ती कोषहरुबाट भएको खर्च एवं मौज्दात सम्बन्धी विवरण नखुलाइएको सम्बन्धमा आफ्नो प्रतिवेदनमा कुनै कैफियत उल्लेख नगरेको तथा वित्तीय विवरणमा ती कोषहरुमा जम्मा हुने गरी विभिन्न शिर्षकमा संकलन गरिएको रकमलाई अन्य दायित्व शिर्षकमा लेखाङ्कन गरिएकोमा उक्त रकमलाई आम्दानी बाध्नु पर्ने/नपर्ने भन्ने विषयमा यकिन नगरिएको सम्बन्धमा आवश्यक पेशागत विवेकको प्रयोग नभएको हदसम्म लेखापरीक्षकहरुबाट कमजोरी भएको देखिएको र उक्त कमजोरीहरुलाई दोहोरिन नदिनको लागि आफ्नो बयानको क्रममा प्रतिबद्धता समेत प्राप्त भएकोले सो सम्बन्धमा अनुशासन समितिबाट प्राप्त सिफारिसको आधारमा ३ आरोपितहरु मध्ये २ आरोपितहरुलाई "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था अनुशासन सम्बन्धी उजुरी छानविन कार्यविधि, २०७७" को दफा ५(११) बमोजिम एक पटकको लागि सचेत गराउने र एक जना आरोपित सदस्यको मृत्यु भइसकेकोले "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था अनुशासन सम्बन्धी उजुरी छानविन कार्यविधि, २०७७" को दफा ८(७) बमोजिम निज आरोपित लेखापरीक्षक उपरको कारवाहीलाई तामेलीमा राख्ने निर्णय परिषदको मिति २०८१ चैत्र ०७ गते बसेको ३४४ औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८४(२)(ग) बमोजिम प्रकाशन गरिएको छ ।

*नोट : यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

..............................
सिए. सुरेन्द्र भूषण श्रेष्ठ
कार्यकारी निर्देशक

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 977-1-5430832, 5430730, Fax: 977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar : Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi: Tel: 977-091-527493, Email: icandhg@ican.org.np